# स्व. दयाराम परियारको सम्झना

ललितपुर, चैत १५ गते ।

नेपालमा मानव अधिकारको सम्मान, संरक्षण र सम्बर्द्धनमा क्रियाशील अधिकारकर्मीहरुले राष्ट्रिय मानव अधिकार आयोगका तत्कालीन कर्मचारी स्वर्गीय दयाराम परियारलाई आयोगकै परिसरमा आयोजित छैटौं श्रद्धान्जलि सभामा सम्झना गर्नुभएको छ ।

सो श्रद्धान्जलि सभालाई सम्बोधन गर्दै आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले दयाराम परियारको दुःखद निधन मानव अधिकारकर्मीको जीवन कति खतरनाक र चुनौतीपूर्ण छ भन्ने तथ्यको उदाहरण भएको विचार व्यक्त गर्नुभयो ।

उहाँले दयाराम परियारलाई मानव अधिकारको योद्धाको रुपमा चित्रण गर्दै राष्ट्रिय मानव अधिकार आयोगको स्थापना दिवसको अवसरमा  स्वर्गीय परियारको स्मृतिमा मानव अधिकार पुरस्कार स्थापना गर्ने योजना रहेको जानकारी पनि दिनुभयो ।

सो अवसरमा बोल्दै आयोगका सदस्य नामनागिना सिंहले दयाराम परियार र उनको परिवारलाई न्याय दिलाउन आयोगले कुनै पनि कसर बाँकी नराखेको जानकारी दिनुभयो ।

कार्यक्रममा आफ्नो धारणा अघि सार्दै दयाराम परियारका दाइ प्रकाशचन्द्र परियारले दयाराम परियारको मृत्युले शहीद बन्नका लागि आधारभूमि कायम गरेको भए पनि उनलाई शहीदको श्रेणीमा नराखिएकोमा दुःख प्रकट गर्नुभयो ।

उहाँले दयाराम परियारको सम्बन्धमा आयोगले सरकारसंग नैतिक लडाइँ लड्न बाँकी रहेको उल्लेख गर्दै  उनको नाममा हुलाक टिकट जारी गरिनुपर्नेमा जोड दिंदै यस विषयमा आयोग पहल गर्नुपर्ने राय प्रकट गर्नुभयो ।

राष्ट्रिय मानव अधिकार आयोगका पूर्वसदस्य सुदीप पाठकले दयाराम परियारसंगको उठबसका क्षणहरुलाई स्मरण गर्दै स्वर्गीय परियार कर्तव्यनिष्ठ मानवअधिकारकर्मी हुनुहुन्थ्यो भन्नुभयो ।

पूर्वसदस्य पाठकले स्वर्गीय परियारले आफूले मानव अधिकारको क्षेत्रमा जीवन समर्पण गर्ने उद्घोष गरेको स्मरण गर्दै उहाँलाई मानव अधिकार शहीद घोषणा गर्न राज्यसंग माग गर्नुभयो ।

मानव अधिकारको क्षेत्रमा क्रियाशील रहँदा रहँदै ज्यान गुमाएका परियारले आजसम्म पनि न्याय पाउन नसकेको उल्लेख गर्दै राष्ट्रिय मानव अधिकार आयोगको कर्मचारीले त न्याय पाउँदैन भने सर्वसाधारण नागरिकले सहज न्याय पाउलान् भन्न गह्रो छ भन्नुभयो ।

आयोगका पूर्वसदस्य शुशील प्याकुरलले साइकलबाट लडेर मरेको व्यक्तिले पनि शहीदको दर्जा पाएको तर कर्मक्षेत्रमा होम्मिएको समयमा प्रहरीको गोली लागेर प्राणोत्सर्ग गरेका दयाराम परियारले सो दर्जा नपाउनु दुःखद पक्ष हो भन्नुभयो ।

कार्यक्रममा मानव अधिकारकर्मी कपिल श्रेष्ठ,  सुबोध प्याकुरल, भवानी खरेललगायतका वक्ताहरुले स्वर्गीय दयाराम परियारको प्राणोत्सर्गसम्बन्धी प्रसंगलाई जोडेर देशमा दण्डहीनता अन्त्य हुन नसकेकोमा चिन्ता जाहेर गर्नुभयो ।

आयोगका जनकपुर कार्यालयमा कार्यरत तत्कालीन कर्मचारी दयाराम परियारको कर्मक्षेत्रमा खटिएकै बखत २०६२ चैत्र ११ गते नेपाल प्रहरीद्वारा चलाइएको गोली लागी २०६२ चैत्र १५ गते देहान्त भएको थियो ।

***